# स्वतः प्रकाशन (बैशाख-असार)


# (PROACTIVE DISCLOSURE)

(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ सँग सम्बन्धित)




## इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङ

मितिः २०७६ कार्तिक ५ गते ।



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय-जय नेपाल ।।

# <u>कार्यालय प्रमुख र सूचना अधिकारीः</u>



सन्तोष शर्मा
कार्यालय प्रमुख/गुनासो सुन्ने अधिकारी



लोक बहादुर कुँवर
नायव सुब्बा
सूचना अधिकारी

**हाम्रो भन्नु,**

नेपालको संविधान (२०७२) को धारा २७ मा प्रत्याभूत एवं धारा २८ मा व्यवस्थित सूचनाको हकलाई संरक्षण गर्न सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(४) र नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले सार्वजनिक सरोकार एवं गतिविधिहरूको विवरण प्रत्येक ३/३ महिनामा तोकिएका विवरणहरू समावेश गरी प्रकाशन गर्नुपर्ने व्यवस्था छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ ले व्यवस्था गरेका विभिन्न शिर्षक बमोजिमका सूचनाहरू आम नागरिकको सुसूचित हुने हकलाई ध्यानमा राख्दै नागरिकले माग नगरे पनि आफ्नो निकायको जवाफदेहिता, पारदर्शिता र विश्वसनीयताका लागि नियमित रुपमा विवरण स्वतः प्रकाशित (Proactive Disclosure) गर्नुपर्ने विश्वव्यापी मान्यता हो ।

यसका अलावा नेपालको संविधानमा प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको तथा विश्वव्यापी मानव अधिकार घोषणापत्र, १९४८ को धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरेकोले सूचनाको स्वःस्फुर्त प्रवाहलाई बढावा दिनु वाञ्छनीय हुन आउँछ ।

यहि मान्यतालाई मध्यनजर गर्दै यस इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङले २०७६ साउन, भदौ र असोज महिनामा भए गरेका स्वतः प्रकाशन गर्न मिल्ने सम्पूर्ण गतिविधिहरूको विवरण प्रकाशित गरेको छ । यस कार्यालयसँग सम्बन्धित आफ्नो व्यक्तिगत एवं आम नागरिकको सरोकारका कुनै पनि विषयका सूचना आवश्यक परेमा यस इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङमा सम्पर्क गर्नुहुन आम नागरिकहरूलाई हार्दिक आग्रह गर्दछौं । साथै नागरिकहरूले पनि आफ्नो सुसूचित हुने हकको प्रयोग गर्दै सार्वनजिक निकायहरूलाई पारदर्शी र जवाफदेहि बनाउनको लागि सहयोग गर्न अनुरोध गर्दछौं ।

मितिः २०७६ कार्तिक ०५ गते मंगलबार ।

**लोक बहादुर कुँवर**
सूचना अधिकारी

**सन्तोष शर्मा**
कार्यालय प्रमुख

# विषयसूची


१. कार्यालयको परिचय र कार्यक्षेत्रः ........ 8

२. बागलुङ जिल्लाको परिचयः ........ 9

२.१ भौगोलिक अवस्थाः ........ 9

२.२ राजनैतिक अवस्थाः ........ 11

२.३ धार्मिक/सांस्कृतिक अवस्थाः ........ 11

२.४ सामाजिक/आर्थिक अवस्थाः ........ 13

३. इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङको उद्देश्यः ........ 14

४. कार्यालयको काम, कर्तव्य र अधिकारः ........ 14

५. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः ........ 15

७. इलाका प्रशासन कार्यालय, बुर्तिवाङ {(ख) १ अन्तर्गत पर्ने} को संगठन संरचनाः ........ 16

७. इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङमा कार्यरत कर्मचारी विवरणः ........ 16

८. कार्यालयबाट प्रदान गरिने सेवाहरूः ........ 17

९. सेवा प्रदान गर्ने निकायको शाखा, कार्य र जिम्मेवार अधिकारीः ........ 17

१०. हालसम्मका कार्यालय प्रमुखहरूः ........ 17

११. सेवा प्राप्त गर्न आवश्यक कागजात, लाग्ने दस्तुर, अवधि, सम्पर्क शाखा र गुनासो सुन्ने अधिकारी/सार्वजनिक सेवा बडापत्रः.. 19

१२. सम्पादन गरेको कामको विवरणः ........ 22

१३. इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङमा पछिल्लो समयमा भएका सिर्जनशील कार्यहरूः ........ 27

१४. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.: ........ 29

१५. अडियो नोटिस बोर्ड, वेवसाइट र पेजः ........ 30

१६. ऐन, नियम, विनियम वा निर्देशिकाहरूको सूचीः ........ 30

ऐनहरूः ........ 30

नियमावलीहरूः ........ 30

निर्देशिका/कार्यविधि/आचारसंहिता/मापदण्ड/मार्गदर्शन हरूः ........ 31

१७. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः ........ 32

१८. कार्यालयले बर्गिकरण तथा संरक्षण गरेका सूचनाको विवरणः ........ 32

१९. कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सूचना दिईएको विषयः ........ 32

२०. कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः ........ 32

२१.  सूचनाको हकसम्बन्धी महत्वपूर्ण जानकारीहरूः ........ 33
२२. सन्दर्भ सामग्रीहरूः ........ 34
सम्पर्कः ........ 34

## १. कार्यालयको परिचय र कार्यक्षेत्रः

इलाका प्रशासन कार्यालय नेपाल सरकारको गृह प्रशासन अन्तरगतको प्रशासनिक निकाय हो । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप सञ्चालन गर्न तथा शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू भै उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार बागलुङ जिल्लाको शान्ति सुरक्षा, अमनचयन कायम गर्न तथा जिल्लास्थित अन्य कार्यालयहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासन कायम गर्ने जिम्मेवारीका साथ बागलुङ जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो ।

बागलुङ जिल्लाको सदरमुकाम भौगोलिक हिसाबले केहि पूर्वी भागमा अवस्थित छ । बागलुङको पश्चिमी भाग दुर्गम रहेको तथा यहाँबाट बागलुङको सदरमुकाममा नेपाली नागरिकताको प्रमाणपत्र / नाबालक परिचयपत्र / राहदानी लगायतका कार्यहरूको लागि धेरै समय र स्रोत खर्च हुने हुँदा सेवा प्रवाहमा सहजताको लागि बागलुङको पश्चिमी क्षेत्र, बुर्तिवाङमा तत्कालिन प्रमुख जिल्ला अधिकारी श्री ओम प्रसाद गौतम ज्यूको पालामा मिति २०५४/११/२६ मा इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङको स्थापना भएको हो । द्वन्द्वकालमा सुरक्षाका कारण असहज परिस्थिति उत्पन्न भएपछि २०५८ सालबाट यस कार्यालयले बुर्तिवाङमा रहेर सहज रुपमा सेवा प्रवाह गर्न नसके पनि शान्ति पुनर्स्थापना र लोकतन्त्रको पुनःबहाली पश्चात् मिति २०६३/१२/२१ मा पुनः यस कार्यालयबाट सेवा सुचारु गरियो । सुरुमा इलाका प्रशासन कार्यालयको नाममा स्थापना भएपनि यस कार्यालय/अन्तर्गतबाट कृषि सेवा, पशु सेवा, शिक्षा सेवा लगायतका सेवाहरू समेत प्रदान गर्ने गरी २०६९ सालबाट एकिकृत सेवा केन्द्रको नामबाट सेवा प्रदान गर्दै आएको थियो । मिति २०७५/०८/१६ बाट पुनः यस कार्यालयको नाम इलाका प्रशासन कार्यालय, बुर्तिवाङ कायम गरी गरी सेवा प्रवाह हुँदै आएको छ । सुरुमा नेपाली नागरिकताको प्रमाणपत्र मात्र प्रदान गर्ने गरिएकोमा तत्कालिन प्रमुख जिल्ला अधिकारी श्री शेष नारायण पौडेल ज्यूका पालामा अधिकार प्रत्यायोजन भई मिति २०७१/११/१५ बाट राहदानी सेवा समेत यस कार्यालयबाट प्रदान गर्न थालियो । त्यस्तै प्रमुख जिल्ला अधिकारी श्री लुक बहादुर क्षेत्री ज्यूको पालामा मिति २०७६/०१/२२ बाट यस कार्यालयबाट नाबालक परिचयपत्र वितरणको सेवा समेत थालनी गरिएको छ ।

हाल यो कार्यालय ढोरपाटन नगरपालिकाको वडा नं. १, बुर्तिवाङमा अवस्थित छ ।

सेवा प्रवाहका हिसाबले बागलुङ जिल्लास्थित १० वटा स्थानीय तहहरुमध्ये चारवटा स्थानीय तहहरू, ढोरपाटन नगरपालिका, निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका र बडिगाड गाउँपालिका, यस कार्यालयको क्षेत्राधिकारभित्र पर्दछन् । यी चारवटा स्थानीय तहहरू अन्तर्गतका साविकका निसी, बोवाङ,

बोहोरागाउँ, अधिकारीचौर, देविस्थान, राजकुत, दर्लिङ, बुर्तिवाङ, बोंगादोभान, खुंखानी, भिमगिठे, खुंगा, तमान, ग्वालिचौर, रणसिंहकिटेनी, जलजला र दगातुंडाँडा गा.वि.स.हरूले यस कार्यालयबाट निरन्तर सेवा प्राप्त गरिरहेका छन् ।

## २. बागलुङ जिल्लाको परिचयः

### २.१ भौगोलिक अवस्थाः

नेपालको गण्डकी प्रदेशमा पर्ने पहाडी जिल्ला बागलुङ, साविक धौलागिरी अञ्चलको अञ्चल सदरमुकामको रुपमा रहेको छ । प्रशासनिक विभाजन अनुसार यस जिल्लाको पूर्वमा पर्वत, पश्चिममा रोल्पा, रुकुम, उत्तरमा म्याग्दी तथा दक्षिणमा प्यूठान र गुल्मी जिल्ला रहेका छन् । प्रतिनिधी सभा २ निर्वाचन क्षेत्र, प्रदेश सभा ४ निर्वाचन क्षेत्र, ४ नगरपालिका, ६ गाउँपालिका गरी १० वटा स्थानीय तहहरू यस जिल्लामा छन् । यो अक्षांशीय हिसाबले २८ डिग्री १५ मिनेट उत्तरी अक्षांशदेखि २८ डिग्री ३७ मिनेट उत्तरी अक्षांशसम्म र देशान्तरीय हिसाबले ८३ डिग्री पूर्वी देशान्तरदेखि ८३ डिग्री ३६ मिनेट पूर्वी देशान्तरसम्म १,७८४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएर रहेको छ । वि.सं. २०६८ सालको जनगणना अनुसार यस जिल्लाको जनसंख्या पुरुष १,१७,९९७ र महिला १,५०,६१६ गरी कुल २,६८,६१३ रहेको छ । लोक्ताको जिल्ला, नेपालको जस्तो नक्सा भएको जिल्ला, झोलुंगे पुलको जिल्ला जस्ता उपनामले परिचित यस जिल्ला नेपाल भित्रको सानो नेपाल जस्तै आकारमा पूर्व पश्चिम भै फैलिएर रहेको छ ।


बागलुङ कालिका भगवती मन्दिर, नेपालको एक मात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्ष, गाजा दह, घुम्टेको लेक जस्ता महत्वपूर्ण सम्पदाले यसको पहिचानलाई अझ शिखरमा पुऱ्याएका छन् । चैते दशैं मेला, हनुमान नाच, लाखे नाच जस्ता सांस्कृतिक पर्वहरु, रुद्र ताल, गाजाको दह, नील दह जस्ता प्रमुख ताल एवं कुण्डहरु, यानीमाया, सालैजो, सोरठी नृत्य, घाटु नाच लगायतका लोक संस्कृतीको धनी यस जिल्लाका प्रमुख व्यापारिक महत्वका ठाउँहरुमा बागलुङ बजार, बुर्तिवाङ बजार, हटिया बजार, शेरा बजार, खार बजार, हरिचौर बजार आदि हुन् । यस जिल्लामा मुख्य रुपमा ब्राह्मण, क्षेत्री तथा जनजातिहरुको बसोबास रहेको छ । मुख्य पेशा कृषि रहेको र यस जिल्लामा वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य रहेको हुँदा विप्रेषण भित्र्याउने प्रमुख जिल्लाहरुमध्ये पनि पर्दछ ।

अधिकांश पहाडी भुभागमा पर्ने यो क्षेत्रको नामाकरणको पनि रोचक प्रसङ्ग छ । एक कहावत अनुसार कुनै समय यस क्षेत्रमा बाघको संख्या बढी भएको र बाघहरु हिंड्दा पनि ताँती लगाएर हिंड्ने भएकाले जनजीवन भयभीत भएको थियो । भयावहबाट मुक्ति पाउन स्थानीय मगराती जातीमा व्यक्तिहरुको सक्रियतामा

बाघ छेद्रे, काट्ने वा मास्ने काम गरेकाले यसै प्रसङ्गमा ठाउँको नाम 'बाघलुञ' वा 'ब्याघलु' हुँदै पछि अपभ्रम्श भएर बागलुङ रहन गएको भन्ने भनाई रहँदै आएको छ ।




चित्रः बागलुङ जिल्लाको नक्सा




चित्रः बागलुङ जिल्लामा रहेको सडक सञ्जाल

## २.२ राजनैतिक अवस्थाः

दुई वटा प्रतिनिधिसभा तथा चार वटा प्रदेश सभा निर्वाचन क्षेत्रहरू रहेको यस जिल्लामा निम्नानुसारका ४ वटा नगरपालिकाहरू र ६ वटा गाउँपालिकाहरू रहेका छन्:

| क्र.सं. | स्थानीय तहको नाम | वडा संख्या | केन्द्र | क्षेत्रफल (वर्ग कि.मी.) | जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बागलुङ नगरपालिका | १४ | बागलुङ बजार | ९८.०१ | ५७,८२३ | |
| २. | गल्कोट नगरपालिका | ११ | हरिचौर | १९४.३९ | ३३,०९७ | |
| ३. | जैमिनी नगरपालिका | १० | कुस्मीसेरा | ११८.७१ | ३१,४३० | |
| ४. | ढोरपाटन नगरपालिका | ९ | बुर्तिवाङ | २२२.८५ | २६,२१५ | |
| ५. | बरेङ गाउँपालिका | ५ | हुग्दिशिर | ७५.२८ | १४,४९२ | |
| ६. | काठेखोला गाउँपालिका | ८ | बिहुँकोट | ८२.८८ | २२,८६५ | |
| ७. | तमानखोला गाउँपालिका | ६ | बोङ्गादोभान | १७८.०२ | १०,६५९ | |
| ८. | ताराखोला गाउँपालिका | ५ | अर्गल | १२९.५३ | १२,००९ | |
| ९. | निसिखोला गाउँपालिका | ७ | देविस्थान | २४४.३७ | २०,६११ | |
| १०. | बडिगाड गाउँपालिका | १० | ग्वालिचौर | १७८.६८ | ३०,९०६ | |

## २.३ धार्मिक/सांस्कृतिक अवस्थाः

**धार्मिक स्थलहरू:**

१. विश्वशान्ति सर्वसिध्दिधाम पञ्चकोट - बागलुङ
२. प्रसिद्ध कालीका भगवति मन्दिर - बागलुङ बजार
३. भैरवस्थान मन्दिर - अमलाचौर
४. जैमिनेश्वर मन्दिर - कुश्मीशेरा
५. ढोरपाटनताल, बराह मन्दिर - बोवाङ
६. अर्नाकोट - देविस्थान
७. रामकोट मन्दिर - बिहुँ
८. थन्थापी माई भगवति मन्दिर - सर्कुवा र जैदीको माथिल्लो टापु
९. देवीस्थान मन्दिर - देवीस्थान
१०. शिवालय मन्दिर - तित्याङ
११. सत्यवति मन्दिर - बाटाकाचौर
१२. ज्ञानोदय वुद्ध बिहार - वागलुङ नगरपालिका
१३. नरसिंह भगवती मन्दिर - राजकुत
१४. जङ्गेस्वर महादेव - निरहेघाट
१५. गणेश मन्दिर - बागलुङ न.पा.
१६. सिद्धेश्वर मन्दिर - घुम्टेको धुरी
१७. खड्ग कालिका मन्दिर - १० कोष पश्चिम, मल्म, बाँस्खोला

**प्रमुख पर्यटकीय स्थलहरू:**

१. कालीका भगवती मन्दिर
१३. पाञ्चाकोट धुरी - पैंयुपाटा

२. प्यारागलाईडिङ प्वाइन्ट - सिम
३. ताराजाल कोट
४. कारीकोट (कार्कीकोट)
५. माझकोट
६. राङ्राङ्गे कोट
७. संसारकोट
८. खड्ग कालिका मन्दिर
९. ढोरपाटन
१०. गाजा दह (धुरी)
११. भकुण्डे धुरी र मूलाबारीको धूरी
१२. हाडिकोट धुरी - छिस्ती
१४. चमेरे गुफा - ग्वालिचौर
१५. रामकोट - बिहुँ
१६. घुम्टेको लेक - (हरिचौर, पाण्डवखानी र हिल विच)
१७. शिवधुरी - रणसिङकिटेनी र पाण्डवखानी
१८. लोडाको धुरी - रणसिङकिटेनी, पाण्डवखानी, मल्म र शिसाखानी
१९. भैरवस्थान - अमलाचौर
२०. घोडा बाधे - बिहुँ
२१. फागुनेको धुरी - वोवाङ
२२. थाप्लेको धुरी - भिमपोखरा
२३. जैमिनेश्वर क्षेत्र - कुश्मि, विनामारे

**जिल्लाको प्रसिद्ध वस्तुहरू एवं प्राप्त हुने स्थानहरू:**

१. नेपाली हाते कागज (लोक्ता वाट निर्मित): ताराखोला, तमान, बोंगादोभान,
२. बुट्टेनलीः सदरमुकाम, जलजला, अमरभुमी,
३. राडीपाखीः पाण्डवखानी, बोंगादोभान, निसी र रणसिंहकिटेनी,
४. स्लेट ढुङ्गाः तारा, अर्गल, अमरभुमी, नरेठाटी, हरिचौर, जैदी (व्याडथला), रेश, निसि, मल्म, दमेक समेत,
५. कार्भिङ ढुङ्गाः कुश्मिसेरा, अमलाचौर लगायतका स्थानहरू ।
६.

**व्यापारिक महत्वका ठाउँहरू:**

१. बागलुङ बजार, बागलुङ नगरपालिका
२. खर्वाङ बजार, दगातुन्डाँडा
३. शेरा बजार, कुस्मिसेरा
४. खार बजार, ग्वालीचौर
५. भिमगिंठे बजार, भिमगिठे
६. वुर्तिबाङ बजार, बुर्तिवाङ
७. हटिया बजार, हटिया
८. हरिचौर बजार, हरीचौर
९. रिजाल चोक, बिहुँ
१०. वरेङ बजार, हुग्दीशिर र धुल्लुवास्कोट
११. खाल बजार, भिमगिठे
१२. हटिया बजार, हटिया

**धर्मगत संरचनाः**

यस बागलुङ जिल्लाभित्र जम्मा ९ वटा धर्म मान्ने व्यक्तिहरु रहेको तथ्य २०६८ सालको जनगणनाले देखाएको छ । यद्यपी हिन्दु र बौद्ध धर्मावलम्बीहरूको बाहुल्यता रहेको देखिन्छ ।

| क्र.सं. | धर्म | प्रतिशत |
| --- | --- | --- |

| | | |
|---|---|---|
| १. | हिन्दु | ८९.२७ |
| २. | बौद्ध | ८.७४ |
| ३. | अन्य | १.९९ |

**२.४ सामाजिक/आर्थिक अवस्थाः**

**जातिगत संरचनाः**

यस जिल्लामा मगर जातिको बाहुल्यता छ । मुख्य जातजातिहरूमध्ये मगर, कामी, सार्की, दमाई जातिको जनसंख्या बढ्दो क्रममा देखिन्छ भने ब्राह्मण क्षेत्री, नेवार, गुरुङ लगायत केही जातजातिहरूको जनसंख्या घट्दो क्रममा रहेको छ ।

| क्र.सं. | जातजाति | प्रतिशत |
|---|---|---|
| १. | मगर | २८.०४ |
| २. | ब्राह्मण-पहाडी | १९.५४ |
| ३. | क्षेत्री | १८.७१ |
| ४. | कामी | १५.९७ |
| ५. | सार्की | ५.५५ |
| ६. | दमाई | ४.७० |
| ७. | छन्त्याल | १.५० |
| ८. | ठकुरी | १.४१ |
| ९. | नेवार | १.०७ |
| १०. | अन्य | ३.५७ |

**भाषागत संरचनाः**

यस बागलुङ जिल्लामा १८ भाषिहरू रहेका छन् । नेपाली भाषा मातृभाषा हुनेहरूको बाहुल्यता रहेको छ ।

| क्र.सं. | मातृभाषा | प्रतिशत |
|---|---|---|
| १. | नेपाली | ९२.३२ |
| २. | मगर | ५.४५ |
| ३. | खाम | ०.४८ |

| | | |
|---|---|---|
| ४. | छन्त्याल | ०.४८ |
| ५. | नेवारी | ०.४७ |
| ६. | अन्य | ०.८२ |

बसाइँ सरेर पोखरा, चितवन, पाल्पा, बुटवल लगायतका जिल्लाहरूमा जाने क्रम यस जिल्लामा बढ्दो छ । विशेष गरी कामको सिलसिलामा छिमेकी मुलुक भारतमा गई ज्याला मजदुरी गरी आय आर्जन गर्ने गरेको पाइन्छ । नेपालकै रेमिट्यान्स भित्र्याउने जिल्लाहरू मध्ये बागलुङ अग्रपंक्तिमा आउँछ । धान, मकै, गहुँ, कोदो, जौ आदि यहाँका प्रमुख उत्पादनहरू हुन् ।

## ३. इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङको उद्देश्यः

तोकिएको इलाकाभित्र प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशनमा रहि शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धनको संरक्षण गर्नु यस इलाका प्रशासन कार्यालयको प्रमुख उद्देश्य रही आएको छ । यसका साथै तोकिएको क्षेत्रमा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरण (Public Service Delivery) लाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने समेतका उद्देश्यहरू रहेका छन् ।

## ४. कार्यालयको काम, कर्तव्य र अधिकारः

यस इलाका प्रशासन कार्यालय, बुर्तिवाङ, बागलुङका काम, कर्तव्य र अधिकारहरू निम्न रहेका छन्ः

- ✓ प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशनमा रहि आफ्नो क्षेत्रमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने।
- ✓ विपद् र राहत वितरणसम्बन्धी निवेदनहरू संकलन गरी आवश्यक कारवाहीको लागि प्रमुख जिल्ला अधिकारीसमक्ष पेश गर्ने ।
- ✓ अनुचित नाफाखोरी, दैनिक उपभोग्य सामाग्रीको संचय गरी कृत्रिम अभाव सृजना गर्ने लगायतका गैर कानूनी कार्य हुन नदिन नियमित बजार अनुगमन गर्ने, वस्तु तथा सेवाको आपूर्ति सहज तुल्याउने र कानूनी कारवाही गर्नुपर्ने भए प्रमुख जिल्ला अधिकारीसमक्ष पेश गर्ने,
- ✓ निर्धारित रित पुरा भई आएकालाई वंशजको आधारमा ना.प्र.प., प्रतिलिपी ना.प्र.प. र नाबालक परिचयपत्र जारी गर्ने,
- ✓ नागरिकता अभिलेखसँग दुरुस्त भिडेका राहदानी फारामहरू कारवाहीका लागि राहदानी विभागमा पठाउने र विभागबाट प्राप्त राहदानीमा दस्तखत गरी वितरण गर्ने,

- ✓ नागरिकता ऐन, नियम, निर्देशिका र परिपत्रको परिधिभित्र रहि सम्बन्ध विच्छेद, बसाइँसराई समेतको आधारमा थर, वतन संशोधन गर्ने एवं सानातिना त्रुटीका साथै भुलवश बाबु, आमा र पतिको नाम फरक पर्न गएको एवं शैक्षिक योग्यता र नागरिकतामा फरक पर्न गएका जन्ममिति समेतको छानविन गरी प्रमुख जिल्ला अधिकारीसमक्ष पेश गर्ने र निर्णय भए बमोजिम गर्ने ।
- ✓ आवश्यकता अनुसार दैनिक, मासिक प्रगति प्रतिवेदन तयार गरी प्र.जि.अ. समक्ष पेश गर्ने,
- ✓ बालबालिका, अनाथ, वृद्ध, अपाङ्ग, आदिको हितका लागि गरिनुपर्ने कार्यहरू प्राथमिकतामा राखी गर्ने गराउने,
- ✓ कार्यालयको अभिलेख प्रणाली व्यवस्थित र सुरक्षित राख्ने,
- ✓ विवाह दर्ताको आधारमा पतिको थर तथा वतन कायम गरी संशोधित प्रतिलिपी ना.प्र.प. जारी गर्ने,


## ५. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः

यस कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यवस्था गर्ने कानूनी प्रावधान रहेको छ। हाल कार्यालयमा कूल ८ स्वीकृत दरबन्दीमध्ये जम्मा ३ जना स्थायी कर्मचारीहरू कार्यरत छन् ।

| क्र.सं. | पद | तह/श्रेणी | कायम दरबन्दी | पूर्ति | रिक्त | कार्यविवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख (शाखा अधिकृत) | रा.प.तृतीय | १ | १ | - | प्रमुख जिल्ला अधिकारीको प्रत्यायोजित अधिकारबमोजिमका कार्यहरू गर्ने । | |
| २. | नायब सुब्बा | रा.प.अनं. प्रथम | ३ | १ | २ | फाँट प्रमुख भई सम्बन्धित फाँटले गर्ने काम सम्पादन गर्ने । | |
| ३. | सहायक कम्प्युटर अपरेटर | रा.प.अनं. द्वितीय | १ | ० | १ | दैनिक कारोबारको प्रविष्टि गर्ने । | १ करारमा |
| ४. | सहायक लेखापाल | रा.प.अनं. द्वितीय | १ | - | १ | नियमानुसार लेखासम्बन्धी स्रेस्ता राख्ने, लेखापरीक्षण गराउने । | |
| ५. | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | १ | १ | सरसफाई, चिठीपत्र आदानप्रदान लगायतका कार्यहरू गर्ने । | १ करारमा |
| **जम्मा** | | | ८ | ३ | ५ | | |

## ७. इलाका प्रशासन कार्यालय, बुर्तिवाङ {(ख) १ अन्तर्गत पर्ने} को संगठन संरचनाः

(नेपाल सरकारको मिति २०७५/०२/२० को निर्णयअनुसार)




## ७. इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङमा कार्यरत कर्मचारी विवरणः

| क्र. सं. | नाम | दर्जा | ठेगाना | सम्पर्क | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | मोबाईल नं | इमेल | |
| १. | सन्तोष शर्मा | इलाका प्रशासन प्रमुख | बागलुङ-९, बागलुङ | ९८५७६४१०९९ | Santosh.sharma@moha.gov.np | |
| २. | लोक बहादुर कुँवर | ना.सु. | ढोरपाटन-१, बागलुङ | ९८४७६३३०३१ | aaoburtibang@gmail.com | |
| ३. | कलिना घर्ति मगर | स.क.अ. | तमानखोला-१, बागलुङ | ९८६७७०५३१९ | ekikritsewa74@gmail.com | करार |
| ४. | टंक बहादुर पुन मगर | का.स. | ढोरपाटन-२, बागलुङ | ९८४७७२१४१८ | ekikritsewa74@gmail.com | |
| ५. | अनमाया पुन मगर | का.स. | ढोरपाटन-२, | ९८४६८३०४५६ | ekikritsewa74@gmail.com | करार |

## ८. कार्यालयबाट प्रदान गरिने सेवाहरूः

- शान्ति सुरक्षा तथा अमनचयन कायम सम्बन्धी,
- साधारण तथा द्रुत राहदानी सम्बन्धी,
- नयाँ तथा प्रतिलिपी नागरिकता सम्बन्धी,
- बालबालिका, अनाथ, वृद्ध, अपाङ्ग आदिको हितसम्बन्धी,
- बजार अनुगमन सम्बन्धी,
- विपद व्यवस्थापन सम्बन्धी,
- प्रचलित नेपाल कानून र नेपाल सरकारद्धारा तोकिएका अन्य कार्यहरू ।

## ९. सेवा प्रदान गर्ने निकायको शाखा, कार्य र जिम्मेवार अधिकारीः

| क्र.सं. | शाखाको नाम | जिम्मेवार पदाधिकारी | कैफियत |
|---|---|---|---|
| १. | राहदानी, नागरिकता तथा प्रतिलिपी शाखा | शा.अ. सन्तोष शर्मा<br>ना.सु. लोक बहादुर कुँवर<br>स.क.अ. कलिना घर्ति मगर<br>का.स. टंक बहादुर पुन मगर | राहदानी, नागरिकता, नाबालक परिचयपत्र तथा प्र.जि.अ. ज्यूबाट अधिकार प्रत्यायोजन भएबमोजिमका सम्पूर्ण कार्यहरू । |
| २. | आर्थिक प्रशासन शाखा | स.ले.पा.: - (रिक्त)<br>का.स. अनमाया पुन मगर | आर्थिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने । |

## १०. हालसम्मका कार्यालय प्रमुखहरूः

| क्र.सं. | नाम थर | पद | अवधि | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | खिमलाल भण्डारी | का.मु.शा.अ. | २०५४/११/२६ | २०५५/०८/०४ |
| २. | नवराज बराल | शा.अ. | २०५५/०८/०९ | २०५७/०३/०७ |
| ३. | तुल्सीराम सापकोटा | का.मु.शा.अ. | २०५७/०४/१३ | २०५७/१०/०६ |
| ४. | विष्णु बहादुर अधिकारी | शा.अ. | २०५९/०६/०२ | २०६१/०९/०२ |
| ५. | खगेन्द्र प्रसाद बस्याल | का.मु.शा.अ. | २०६३/१२/२५ | २०६५/१२/१९ |
| ६. | टेकनाथ शर्मा | शा.अ. | २०६५/०१/१६ | २०६५/०१/२० |
| ७. | रत्नाकर शर्मा गौतम | का.मु.शा.अ. | २०६५/०१/२२ | २०६६/०३/२२ |
| ८. | छविलाल सुवेदी | शा.अ. | २०६६/०७/११ | २०६६/०९/२३ |

| | | | | |
|---|---|---|---|---|
| ९. | अनिल पौडेल | शा.अ. | २०६६/१०/१४ | २०६७/०२/१४ |
| १०. | अर्जुन बहादुर थापा | शा.अ. | २०६७/०२/२३ | २०६८/०१/०९ |
| ११. | दिपेन्द्र पौडेल | शा.अ. | २०६८/०१/१३ | २०६९/०३/१४ |
| १२. | रत्नाकर शर्मा गौतम | का.मु.शा.अ. | २०६९/०७/१६ | २०६९/११/१८ |
| १३. | चक्रपाणी सुवेदी | का.मु.शा.अ. | २०६९/१२/१९ | २०७०/०२/२८ |
| १४. | रविलाल शर्मा पौडेल | शा.अ. | २०७०/०३/११ | २०७१/०१/१० |
| १५. | लोक बहादुर कुँवर | का.मु.शा.अ. | २०७१/०१/१७ | २०७२/०४/१२ |
| १६. | जनक थापा | शा.अ. | २०७२/०४/१३ | २०७५/०६/२१ |
| १७. | नन्दराम भुषाल | का.मु.शा.अ. | २०७५/०६/२५ | २०७५/११/२६ |
| १८. | अमृत सुवेदी | शा.अ. | २०७५/११/२७ | २०७६/०१/०३ |
| १९. | सन्तोष शर्मा | शा.अ. | २०७६/०१/१७ | हालसम्म कार्यरत |


## ११. सेवा प्राप्त गर्न आवश्यक कागजात, लाग्ने दस्तुर, अवधि, सम्पर्क शाखा र गुनासो सुन्ने अधिकारी/सार्वजनिक सेवा बडापत्रः


| क्र. सं. | सेवा सुविधाहरुको विवरण | आवश्यक पर्ने कागजातहरु/प्रमाणहरु | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | **नागरिकता सम्बन्धी** | | | | | |
| १. | वंशज नेपाली नागरिकता | १. अनुसूची १ को फाराममा न.पा. वा गा.पा.को सिफारिस ।<br>२. बाबुको ना.प्र. र विवाहित महिला भए पतिको ना.प्र.को प्रतिलिपि । सो नभए दाजु वा वंशज खुल्ने नजिकको नातेदारको प्रतिलिपि ।<br>३. पिता वा पतिको ना.प्र.बाट भिड्ने व्यक्तिबाट सनाखत, सो नभए दाजु वा भाई वा नजिकको अभिभावकको सनाखत ।<br>४. उक्त प्रमाणहरु पेश हुन नसकेमा वंशज खुल्ने प्रमाणहरु ।<br>५. एस.एल.सी.उत्तीर्ण गरेको भए चारित्रिक प्रमाणपत्र र लब्धांकको प्रतिलिपि/जन्ममिति खुल्ने प्रमाण (शैक्षिक/जन्म दर्ता)<br>६. फोटो २ प्रति (कर्मचारी परिवार भए ३ प्रति)<br>**बसाई सराई गरी आउनेको हकमा देहायको थप प्रमाणः-**<br>१. स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाईसराईको प्रमाणपत्र ।<br>२. जग्गाधनी प्रमाणपुर्जा ।<br>३. नक्शा पास प्रमाणपत्र<br>४. पानी, बिजुली, टेलिफोन महशुल कार्ड जस्ता प्रमाण | प्रमाण पुगेमा उसै दिन | रु १०।– को टिकट | ना.सु./राहदानी, नागरिकता तथा प्रतिलिपी नागरिकता | कार्यालय प्रमुख | |
| | | **नाबालक परिचयपत्र सम्बन्धी** | | | | | |
| २. | नाबालक परिचय पत्र तथा प्रतिलिपि सम्बन्धी | १. तोकिएको ढाँचा बमोजिमको निवेदन फाराम र सिफारिस<br>२. बाबु र आमाको सक्कलै नागरिकता तथा प्रतिलिपि<br>३. बाबु र आमाको विवाह दर्ता प्रमाण<br>४. बाबु र आमासंगको नाता प्रमाण<br>५. बच्चाको जन्म दर्ताको सक्कल र प्रतिलिपि<br>६. बसाइ सराइ आउनेको हकमा बसाइ सराइको प्रमाण र स्थायी बसोवासको प्रमाण | सबै प्रमाण पुगेमा दरखास्त दिएकै दिन | - रु १०।– को टिकट<br>- प्रतिलिपिका लागि रु १३/- को टिकट दस्तुर लाग्नेछ । | ना.सु./राहदानी, नागरिकता तथा प्रतिलिपी नागरिकता | कार्यालय प्रमुख | |


| क्र. सं. | सेवा सुविधाहरुको विवरण | आवश्यक पर्ने कागजातहरु/प्रमाणहरु | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ७. बच्चाको ३ प्रति पासपोर्ट साइजको फोटो<br>८. नाबालिक परिचय पत्र हराई वा झुत्रो भई प्रतिलिपि लिनुपर्ने भएमा सिफारिस सहितको निवेदन तथा सक्कलै झुत्रो तथा व्यहोरा खुल्ने प्रमाण पेश गर्नुपर्नेछ । | | | | | |
| | | **विवरण संशोधन सम्बन्धी** | | | | | |
| ३. | नाम, थर, उमेर फरक परेको विवरण सम्बन्धी | १. निवेदन<br>२. नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपि<br>३. नेपालबाट एस.एल.सी. वा सो सरहको उमेर खुलेको प्रमाणपत्र<br>४. शैक्षिक संस्थाको सिफारिश पत्र<br>५. सम्बन्धित गा.वि.स./न.पा. को सिफारिसपत्र<br>६. परीक्षा नियन्त्रण कार्यालय/क्षेत्रीय शिक्षा निर्देशानलयमा व्यहोरा सच्याउन सिफारिस गर्नुपर्दा एस.एल.सी. उत्तीर्ण गरेको ६ महिना भित्र आवेदन दिइसकेको हुनुपर्नेछ । | प्रक्रिया पुगेपछि | रु १३।– को टिकट | ना.सु./राहदानी, नागरिकता तथा प्रतिलिपी नागरिकता | कार्यालय प्रमुख | |
| | | **राहदानी सम्बन्धी** | | | | | |
| ४. | ना.प्र.प.को आधारमा राहदानी | १. राहदानी आवेदन फाराम २ प्रति भरी फोटो समेत टाँसी स्वयम् आवेदकले सही गरी निम्न प्रमाणसाथ पेश गर्नुपर्नेः-<br>क. ना.प्र.को सक्कल र प्रतिलिपि २ प्रति ।<br>ख. २ प्रति पासपोर्ट साइजको फोटो ।<br>ग.केरमेट भएको वा म्याद सकिएको भए त्यस्तो सक्कलै राहदानी ।<br>घ. बसाइ सरी आएकाको हकमा बसाई सराईको प्रमाण र स्थायी बसोवास खुल्ने जग्गाधनी/घरबासको प्रमाण<br>ङ. विवाह भै आएको महिलाको हकमा विवाह दर्ता प्रमाण र पतिको नागरिकता । | राहदानी विभागबाट प्राप्त हुनासाथ | - सामान्य प्रक्रियाको लागि रु ५०००।–<br>- द्रुत राहदानीको लागि राहदानी विभागमानै रु १००००।– राजश्व बुझाउनु पर्नेछ । | ना.सु./राहदानी, नागरिकता तथा प्रतिलिपी नागरिकता | कार्यालय प्रमुख | अन्यत्र जिल्लाबाट बसाई सरी आएको भए नागरिकताको अभिलेख बुझेर मात्र राहदानीका लागि सिफारिस गरिनेछ |
| ५. | नाबालिक परिचयपत्रको आधारमा राहदानी | १. राहदानी आवेदन फाराम २ प्रति भरी फोटो समेत टाँसी निम्न प्रमाणहरु साथ पेश गर्नुपर्नेछः-<br>क. सक्कल नाबालिक परिचयपत्र र सो को २ प्रति प्रतिलिपि ।<br>ख. बाबु वा आमाको ना.प्र.प. को प्रतिलिपि । | राहदानी विभागबाट प्राप्त हुनासाथ | - सामान्य प्रक्रियाको लागि रु ५०००।–<br>- द्रुत | ना.सु./राहदानी, नागरिकता तथा प्रतिलिपी नागरिकता | कार्यालय प्रमुख | हराएको केरमेट भएको हकमा यस कार्यालयबाट राहदानी बनाउँदा रु १००००।- |


| क्र. सं. | सेवा सुविधाहरुको विवरण | आवश्यक पर्ने कागजातहरु/प्रमाणहरु | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार कर्मचारी/शाखा | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | ग. बाबु वा आमाको विवाह दर्ताको प्रतिलिपि ।<br>घ. नाबालिकको हकमा अभिभावकको पत्र ।<br>ङ. २ प्रति पासपोर्ट साइजको फोटो ।<br>च. बसाइ सरी आएकाको हकमा बसाई सराईको प्रमाण र स्थायी बसोवास खुल्ने जग्गाधनी/घरबासको प्रमाण | | राहदानीको लागि राहदानी विभागमानै रु १००००।– राजश्व बुझाउनु पर्नेछ । | | | र राहदानी विभागबाट बनाउँदा रु १५०००।- राजश्व बुझाउनु पर्नेछ । |
| ६. | राहदानीमा संशोधन गर्नुपर्ने अवस्था | जन्ममिति, नाम, थर, ठेगाना, पेशा आदि जुन विषयमा संशोधन गर्नुपर्ने हो सो को प्रमाणको प्रतिलिपि, सक्कल राहदानी, र सोको प्रतिलिपि पेश गरी स्वयमले यो बारेमा संशोधन गरी पाउँ भनी निवेदन दिने । | सोहि दिन राहदानी विभागमा सिफारिस गरिने | नियमानुसार | ना.सु./राहदानी, नागरिकता तथा प्रतिलिपी नागरिकता | कार्यालय प्रमुख | " |


१२. सम्पादन गरेको कामको विवरणः





राहदानी वितरण महिला
35
30
25
20
15
10
5
0
14
13
33
0
0
0
0
1
18
7
13
साधारण राहदानी
हराएको राहदानी
नवीकरण राहदानी
द्रुत सिफारिस
असोज
भदौ
साउन
साउन
भदौ
असोज


राहदानी वितरण पुरुष
60
50
40
30
20
10
0
50
34
52
6
6
7
5
2
5
31
28
28
साधारण राहदानी
हराएको राहदानी
नवीकरण राहदानी
द्रुत सिफारिस
असोज
भदौ
साउन
साउन
भदौ
असोज


राहदानीबाट राजस्व संकलन
482500
305000
412500
500000
400000
300000
200000
100000
0
असोज
भदौ
साउन
राजस्व संकलन
साउन
भदौ
असोज


नाबालक परिचयपत्र वितरण
4
1
0
4
2
2
4
3
2
1
0
महिला
पुरुष
असोज
भदौ
साउन
साउन
भदौ
असोज

## आ.व. ०७५/७६ मा सम्पादन भएका कामहरूको विवरण (तालिकामा):

| क्र.सं. | कामहरूको विवरण | | | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार | यस आ.व. को जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **महिना** | | | | | | | | | | | | | |
| | | | महिला | १३४ | १४६ | ११२ | | | | | | | | | | ३९२ | |
| १. | | नयाँ (वंशज) | पुरुष | ९० | १०७ | ७३ | | | | | | | | | | २७० | |
| | | | अन्य | - | - | - | | | | | | | | | | - | |
| | | | **जम्मा** | **२२४** | **२५३** | **१८५** | | | | | | | | | | **६६२** | |
| | | | महिला | २२ | १९ | ३९ | | | | | | | | | | ८० | |
| | | | पुरुष | ७१ | ६६ | ४५ | | | | | | | | | | १८२ | |
| २. | नागरिकता वितरण | प्रतिलिपि | अन्य | - | - | - | | | | | | | | | | - | |
| | | | **जम्मा** | **९३** | **८५** | **८४** | | | | | | | | | | **२६२** | |
| ३. | | | महिला | १४ | २५ | १६ | | | | | | | | | | ५५ | |
| | | संशोधित | पुरुष | २ | - | - | | | | | | | | | | २ | |
| | | | अन्य | - | - | - | | | | | | | | | | - | |
| ४. | | | **जम्मा** | **१६** | **२५** | **१६** | | | | | | | | | | **५७** | |
| | **कुल जम्मा** | | | **३३३** | **३६३** | **२८५** | | | | | | | | | | **९८१** | |
| | | | महिला | ४ | १ | - | | | | | | | | | | ५ | |
| ५. | नाबालक परिचयपत्र वितरण | | पुरुष | २ | ४ | २ | | | | | | | | | | ८ | |
| | | | अन्य | - | - | - | | | | | | | | | | - | |
| | | | **जम्मा** | - | - | - | | | | | | | | | | १३ | |
| ६. | राहदानी | साधारण राहदानी | महिला | १४ | १३ | ३३ | | | | | | | | | | ६० | |
| | | | पुरुष | ५० | ३४ | ५२ | | | | | | | | | | १३६ | |

| क्र. सं. | कामहरूको विवरण | | | महिना | | | | | | | | | | | | यस आ.व. को जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार | | |
| ७. | | हराएको राहदानी | महिला | - | - | - | | | | | | | | | | - | |
| | | | पुरुष | ७ | ६ | ६ | | | | | | | | | | १९ | |
| ८. | | नवीकरण राहदानी | महिला | १ | - | - | | | | | | | | | | १ | |
| | | | पुरुष | ५ | २ | ५ | | | | | | | | | | १२ | |
| ९. | | द्रुत सिफारिस | महिला | १३ | १८ | १६ | | | | | | | | | | ४७ | |
| | | | पुरुष | २८ | २८ | ३१ | | | | | | | | | | ८७ | |
| १०. | अनुगमन | खाद्य तथा बजार | | - | - | - | | | | | | | | | | - | |
| ११. | | बजार | | - | - | - | | | | | | | | | | - | |
| १२. | | कार्यालय | | - | १ | - | | | | | | | | | | - | |
| १३. | सवारी साधन अनुमती (सवारी पास) | | | - | - | - | | | | | | | | | | - | |
| १४. | मासिक प्रतिवेदन | | | १ | १ | १ | | | | | | | | | | ३ | |
| १५. | राहत | आगलागी पीडितलाई | | | | | | | | | | | | | | | जि.प्र.का. मा पेश गरिने |
| १६. | | बाढी/पहिरो पीडितलाई | | | | | | | | | | | | | | | |
| १७. | | हावाहुरी/चटयाङ पीडितलाई | | | | | | | | | | | | | | | |
| १८. | राहदानी वापत राजस्व संकलन | | | ४,१२,५०० | ३,०५,००० | ४,८२,५०० | | | | | | | | | | १२,००,००० | |

## १३. इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङमा पछिल्लो समयमा भएका सिर्जनशील कार्यहरू:

यस इलाका प्रशासन कार्यालयले सेवाग्राहीहरूको सुविधा र हितलाई ध्यानमा राखी समय समयमा केही नयाँ तथा सिर्जनात्मक कार्यहरू गर्दै आएको छ, जसमध्ये केहि निम्न छन्:

१. सेवाग्राहीहरूको लागी पिउने पानीको व्यवस्था,
२. प्रतिक्षारत सेवाग्राहीहरूलाई टेलिभिजनको व्यवस्था, फ्रि वाईफाईको व्यवस्था,
३. बेजिल्लाको अभिलेख मगाउन कार्यालयबाटै Email गरेर मगाउने गरिएको (यसअघि सेवाग्राहि आफैंले व्यवस्थापन गर्नुपर्ने थियो),
४. कार्यालयमा रहेका नागरिकताका अभिलेख रजिष्टरहरूलाई सबलिकरण/प्रबलिकरण र व्यवस्थित गरिएको,
५. पुराना अनुसूची फारामहरू र संलग्न डकुमेन्टहरूलाई सुरक्षित राख्न पोका पारी Chronological Order मा व्यवस्थित गरिएको,
६. कार्यालयमा जिन्सीहरूलाई व्यवस्थित गरिएको, मूल्यवान जिन्सीको खोजी समेत भएको,
७. SMS मार्फत जनप्रतिनिधिहरूसँग सञ्चार गर्ने व्यवस्था गरिएको,
८. प्रत्येक फाँटहरूमा कोठा नं.को व्यवस्था,
९. कार्यालयको छुट्टै वेवसाइट, फेसबुक पेज तथा ट्वीटर ह्याण्डलमार्फत समयसमयमा कार्यालयका गतिविधिहरू सार्वजनिक गर्ने गरिएको,


अनुसूची फारामहरूको अवस्था (पहिले)


अनुसूची फारामहरूको अवस्था (अहिले)




नागरिकताको अभिलेख रजिष्टरहरूको अवस्था (पहिले)



नागरिकताको अभिलेख रजिष्टरहरूको अवस्था (अहिले)




कार्यालयको Website



कार्यालयको Facebook Page



कार्यालयको Twitter Handle

## १४. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम, पद र सम्पर्क नं.:

| क्र.सं. | जिम्मेवारी | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | सन्तोष शर्मा | शाखा अधिकृत | ९८५७६४१०९९ |
| २. | सूचना अधिकारी | लोक बहादुर कुँवर | नायब सुब्बा | ९८४७६३३०३१ |

## १५. अडियो नोटिस बोर्ड, वेवसाइट र पेजः

यस कार्यालयको आफ्नै अडियो नोटिस बोर्ड छैन । कार्यालयबाट सम्पादित हुने कामहरू र महत्वपूर्ण सूचनाहरू कार्यालयको वेवसाइट iscburtiwang.moha.gov.np बाट प्राप्त गर्न सकिन्छ । पछिल्लो समयमा सेवाग्राहीहरूको Facebook र Twitter को बढ्दो प्रयोगलाई ध्यानमा राखेर यस कार्यालयले *इलाका प्रशासन कार्यालय, बुर्तिवाङ* (https://www.facebook.com/AAOBurtibang) नामक फेसबुक पेज तथा *इलाका प्रशासन कार्यालय,* बुर्तिवाङ (https://twitter.com/AAOBurtibang or @AAOBurtibang) नामक ट्वीटर ह्याण्डल सञ्चालनमा ल्याएको छ ।

## १६. ऐन, नियम, विनियम वा निर्देशिकाहरूको सूचीः

| ऐनहरूः | नियमावलीहरूः |
|---|---|
| ❖ स्थानीय प्रशासन ऐन, २०२८ | |
| ❖ सार्वजनिक सुरक्षा ऐन, २०४६ | ❖ सार्वजनिक सुरक्षा नियमावली, २०५८ |
| ❖ आवश्यक सेवा सञ्चालन ऐन, २०१४ | ❖ सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ |
| ❖ नेपाल नागरिकता ऐन, २०६३ | ❖ नेपाल नागरिकता नियमावली, २०६३ |
| ❖ राहदानी ऐन, २०२४ | ❖ राहदानी नियमावली, २०५९ |
| ❖ प्रहरी ऐन, २०१२ | ❖ प्रहरी नियमावली, २०४९ |
| ❖ सशस्त्र प्रहरी ऐन, २०५८ | ❖ सशस्त्र प्रहरी नियमावली, २०६० |
| ❖ संस्था दर्ता ऐन, २०३४ | ❖ संस्था दर्ता नियमावली, २०३४ |
| ❖ दैवी प्रकोप उद्धार ऐन, २०३९ | |
| ❖ लागू औषध (नियन्त्रण) ऐन, २०३३ | |
| ❖ हातहतियार तथा खरखजाना ऐन, २०१८ | ❖ हातहतियार तथा खरखजाना नियमावली, २०२८ |
| ❖ बालबालिका सम्बन्धी ऐन, २०७५ | ❖ बालबालिका सम्बन्धी नियमावली, २०५१ |
| ❖ संक्षिप्त कार्यविधि ऐन, २०२८ | |
| ❖ कारागार ऐन, २०१९ | ❖ कारागार नियमावली, २०२० |
| ❖ सार्वजनिक खरिद ऐन, २०६३ | ❖ सार्वजनिक खरिद नियमावली, २०६४ |
| ❖ घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ | ❖ घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७ |

| | |
|---|---|
| ❖ विष्फोटक पदार्थ ऐन, २०१८ | |
| ❖ मुलुकी देवानी (संहिता) ऐन, २०७४ | |
| ❖ मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ | ❖ मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ |
| ❖ मुलुकी अपराध (संहिता) ऐन, २०७४ | |
| ❖ मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ | ❖ मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ |
| ❖ फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ | |

| |
|---|
| निर्देशिका/कार्यविधि/आचारसंहिता/मापदण्ड/मार्गदर्शन हरूः |
| ❖ नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ |
| ❖ नागरिकता प्रमाणपत्र वितरण टोलीको कार्य सञ्चालन निर्देशिका, २०७० |
| ❖ लागू औषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ |
| ❖ विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ |
| ❖ विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ |
| ❖ प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०६४ |
| ❖ गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०६९ |
| ❖ प्रहरी आचारसंहिता, २०६५ |
| ❖ सदाचार संहिता, २०७५ |
| ❖ नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिने सम्बन्धी कार्यविधि, २०७५ |
| ❖ UAV उडान सम्बन्धी कार्यविधि, २०७२ |
| ❖ सि.सि.टी.भी. जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२ |
| ❖ मदिरा बिक्री वितरण नियमन निर्देशिका, २०६५ |
| ❖ विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१ |
| ❖ हातहतियार खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका, २०६९ |

❖ शीतलहर तथा चिसो प्रभावित विपन्नहरूको पहिचान तथा राहत प्रदान सम्बन्धी मापदण्ड, २०६९

## १७. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

| क्र.सं. | ब.उ.शि.नं./विवरण | बजेट/अ.ल्या./आम्दानी रु. | खर्च रु. | बाँकी रु. |
|---|---|---|---|---|
| १. | ३१४९२०१३३ | ३९,९९,०००/- | ९,११,२८९/- | ३०,८७,७११/- |
| २. | ३१४९२०१३४ | १,५५,०००/- | - | १,५५,५००/- |
| ३. | राजस्व आम्दानी | १२,००,०००/- | - | १२,००,०००/- |

## १८. कार्यालयले बर्गिकरण तथा संरक्षण गरेका सूचनाको विवरणः

सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम यस निकायमा रहेका सूचनाको संवेदनशीलताका आधारमा सार्वजनिक गर्न मिल्ने र नमिल्ने सूचनाहरूलाई छुट्याई सार्वजनिक गर्न मिल्ने सूचनाहरूलाई मात्र सार्वजनिक गर्ने गरिएको छ ।

यस निकायले आफू समक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरू अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षणको प्रत्याभूति गरेको छ । कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भिर खतराको निवारण गर्ने सम्बन्धमा वा प्रचलित कानून बमोजिम प्रकट गर्नुपर्ने विषय भएमा वा भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा बाहेक यस सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य नै रहनेछन् ।

## १९. कार्यालयमा सूचना मागसम्बन्धी परेका निवेदन र सूचना दिईएको विषयः

| क्र.सं. | सूचना माग गर्नेको नाम | सूचना माग गर्नेको ठेगाना | माग गरेको सूचना | उपलब्ध गराईएको सूचना | कैफियत |
|---|---|---|---|---|---|
| १. | - | - | - | - | - |

## २०. कार्यालयका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः

यस इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङ गृह मन्त्रालय तथा जिल्ला प्रशासन कार्यालयको अधिनस्थ रहेको हुँदा उक्त मन्त्रालय तथा कार्यालयबाट समेत यस कार्यालयसम्बद्ध कतिपय सूचनाहरू पाउन

सकिन्छ । यसका साथै कार्यालय सम्बद्ध सूचनाहरू यस कार्यालयको वेवसाइट iscburtiwang.moha.gov.np मा पनि पाउन सकिन्छ । समय समयमा यस कार्यालयका सूचनाहरू कार्यालयको आधिकारीक फेसबुक पेज 'इलाका प्रशासन कार्यालय, बुर्तिवाङ' (@AAOBurtibang) तथा आधिकारीक ट्वीटर ह्याण्डल 'इलाका प्रशासन कार्यालय बुर्तिवाङ' (@AAOBurtibang) बाट पनि सार्वजनिक गर्ने गरिएको छ ।

## २१. सूचनाको हकसम्बन्धी महत्वपूर्ण जानकारीहरूः

१. संसारमा सूचनाको हकसम्बन्धी कानून जारी गर्ने पहिलो मुलुक स्वीडेन हो । सो मुलुकमा सन् १७६६ मा सूचनाको हकसम्बन्धी कानून जारी भएको हो । नेपालमा सन् २००७ (बि.सं. २०६४) मा सूचनाको हकसम्बन्धी कानून जारी भयो ।

२. सन् १९४८ मा जारी विश्वव्यापी मानव अधिकार घोषणापत्रको धारा १९ मा प्रत्येक व्यक्तिलाई सूचना माग्ने, पाउने र प्रवाह गर्ने हकको व्यवस्था गरिएको छ । तर, नेपालको संविधानमा नेपाली नागरिकलाई सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ ।

३. क्यानडामा रहेको सेन्टर फर ल एण्ड डेमोक्रेसी नामक गैरसरकारी संस्थाले विश्वका १११ ओटा सूचनाको हकसम्बन्धी कानूनलाई मूल्यांकन गरी विश्व वरियताको सूची सार्वजनिक गरेको छ । जसअनुसार नेपालले कुल १५० पूर्णाङ्कमा १०४ अंक प्राप्त गरी २७ औं स्थान ओगटेको छ । विश्वकै उत्कृष्ट सूचनाको हकसम्बन्धी कानून जारी गर्ने मुलुकमा मेक्सिको परेको छ ।

४. नेपालको सूचनाको हकसम्बन्धी कानून बमोजिम सूचना दिन अटेरी गर्ने पदाधिकारीलाई रु. पच्चीस हजारसम्म जरिवाना हुन्छ ।

५. 'इन्टरनेशनल राइट टू नो डे' बुल्गेरियाको राजधानी सोफियाबाट सन् २००२ को सेप्टेम्बर २८ बाट आरम्भ भएको हो । सन् २०१६ देखि यस दिवसको नाम 'इन्टरनेशनल डे फर यूनिभर्सल एक्सेस टू इन्फरमेशन' मा रुपान्तरित भएको छ ।

६. नेपालमा सूचनाको हकसम्बन्धी कानून २०६४ श्रावण ५ मा व्यवस्थापिका संसदबाट प्रमाणीकरण भएकोमा २०६४ भाद्र ३ देखि लागु भएको हो । जसअनुसार प्रत्येक बर्ष भाद्र ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रुपमा मनाइन्छ ।

७. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ११ बमोजिम सूचनाको हकको संरक्षण, संवर्द्धन र प्रचलनको लागि एक स्वतन्त्र राष्ट्रिय सूचना आयोग रहने कानूनी व्यवस्थाअनुसार २०६५ बैशाख २२ गते आयोगको स्थापना भएको हो ।

८. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायको परिभाषाभित्र पर्ने सरकारी कार्यालय, राजनीतिक दल, गैरसरकारी संस्था, निजी क्षेत्र र कानूनद्वारा स्थापित सार्वजनिक निकायहरूले आफ्नो निकायको ३/३ महिनाको विवरण सार्वजनिक गर्नुपर्छ । ती निकायहरूले सूचना अधिकारी तोक्नुपर्छ । साथै कम्तिमा २० बर्षसम्मका सूचनाहरू अद्यावधिक गरी राख्नुपर्दछ ।

## २२. सन्दर्भ सामग्रीहरूः

- जिल्ला समन्वय समिति, गृह मन्त्रालय लगायत विभिन्न कार्यालयका वेवसाइटहरू,
- राष्ट्रिय जनगणना, २०६८,
- District Profile, तथ्याङ्क कार्यालय, बागलुङ,
- बागलुङ जिल्लाको तथ्याङ्कीय झलक, २०७३, तथ्याङ्क कार्यालय, बागलुङ,
- गाउँ/नगर पालिकाको सूची, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
- Wikipedia लगायतका वेवसाइटहरू ।


**<u>सम्पर्कः</u>**

| | |
|---|---|
| कार्यालयको नामः | इलाका प्रशासन कार्यालय, बुर्तिवाङ बागलुङ । |
| ठेगानाः | ढोरपाटन न.पा.-१, बुर्तिवाङ बागलुङ । |
| फोन नं.: | ०६८-४१००९९ |
| मोवाइलः | ९८४७६३३०३१ |
| फ्याक्स नं.: | - |
| ई-मेलः | aaoburtibang@moha.gov.np |